# मालिका राजपत्र

खण्डः३ वर्षः१ संख्याः ६ मितिः२०८१।११।०८

भाग १

## मालिका गाउँपालिका

# मालिका गाउँपालिका आकस्मिक कोष ऐन, २०८१

प्रमाणिकरण मितिः २०८१।०९।१४

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८१।११।०८

मालिका गाउँपालिका

म्याग्दी जिल्ला

गण्डकी प्रदेश, नेपाल

# मालिका गाउँपालिका आकस्मिक कोष ऐन, २०८१

## मालिका गाउँपालिकाको आकस्मिक कोष व्यवस्थापन गर्न बनेको ऐन

**प्रस्तावनाः-** नेपालको संविधानको अनुसूची-९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको क्षेत्राधिकारको विषयमा आवश्यक कानुन बनाई विपतजन्य कार्यलाई व्यवस्थित गर्न बान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७० बमोजिम मालिका गाउँपालिकाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मालिका गाउँपालिका आकस्मिक कोष ऐन, २०८१" रहेको छ।

(२) यो ऐन गाउँपालिका भित्र तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायतका वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्दछ।

(ख) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

(ग) "स्थानीय आकस्मिक कोष" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने मालिका गाउँपालिका आकस्मिक कोष सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले मालिका गाउँ गाउँकार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "गाउँपालिका" भन्नाले मालिका गाउँपालिका सम्झनु पर्दछ।

(च) "सभा" भन्नाले नेपालको संविधानको धारा २२३ बमोजिमको गाउँसभा सम्झनुपर्छ।

**३. स्थानीय आकस्मिक कोषको स्थापनाः-** मालिका गाउँपालिकाको आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिएको छ।

**४. स्थानीय कोषमा जम्मा गरिएको रकमः-** मालिका गाउँपालिकाको सञ्चित कोषबाट आवश्यकता अनुसारको रकम स्थानीय आकस्मिक कोषमा जम्मा गरिनेछ।

**५. स्थानीय आकस्मिक कोषको रकम बृद्धि गर्न सक्नेः-** कार्यपालिकाले आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गर्न सक्नेछ।

**६. स्थानीय आकस्मिक कोषको रकम खर्च गर्न सक्नेः-** गाउँकार्यपालिकाले स्थानीय आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागित खर्च गर्न सक्नेछ।

**७. स्थानीय आकस्मिक कोषको सञ्चालनः-** (१) स्थानीय आकस्मिक कोषको सञ्चालन मालिका गाउँपालिका गाउँ कार्यपालिकाबाट हुनेछ।

(२) स्थानीय आकस्मिक कोषको सञ्चालन र रकमको निकासी सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची बमोजिमको ढाँचामा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ।

८. **स्थानीय आकस्मिक कोषबाट खर्चको निकासाको मागः** (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नुपर्ने भएमा सम्बन्धित अधिकारीले पेश्कीको रुपमा गाउँपालिका मार्फत रकम निकासाको माग गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रुपमा रकम निकासाको माग गर्दा सम्बन्धित अधिकारीले देहायका विवरण खोली पठाउनु पर्नेछ।

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) आकस्मिक कार्य पछि सार्न नसकिने कारण,

(घ) तुरुन्त खर्च नगरेमा हुने परिणामको सङ्केत,

(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,

(च) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय,

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा कार्यपालिका समक्ष पेश गरि निर्णय भए बमोजिम स्थानीय आकस्मिक कोषबाट पेश्की/खर्चको रुपमा रकम दिईनेछ। (यसरी रकम दिएपछि सोको जानकारी महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ)

९. **खर्चको रकम सोधभर्ना गर्नु पर्नेः** (१) मालिका गाउँ कार्यपालिकाले यस ऐन बमोजिम स्थानीय आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशिघ्र सोधभर्ना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको गाउँपालिका विनियोजन ऐन बमोजिम बिनियोजित रकमबाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ।

१०. **आकस्मिक कार्य पुरा भएको सूचना गर्नेः** आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने अधिकारीले गाउँकार्यपालिका, (महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक)को कार्यालयमा तुरुन्त दिनु पर्नेछ।

११. **खर्च नभएको रकम गाउँपालिका सञ्चित कोषमा दाखिला गर्नेः-** (१) आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्न सम्भावना छै भन्ने यकिन गरेको मितिले पैतिस दिन भित्र त्यस्तो बाँकी रहेको रकम स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि त्यस्तो अधिकारीले सोको जानकारी गाउँकार्यपालिका, महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रणकको कार्यालयलाई दिनु पर्नेछ।

१२. **अनुसूची हेरफेर गर्न सक्नेः** गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

**१३.** कार्यविधि बनाउने सक्नेः- यो ऐन कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

## अनुसूची
**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**
**आकस्मिक कोषको स्रेष्ता**

आकस्मिक कोषको रकम रुः- ......................................

अक्षरुपीः-........................................................

| क्र.सं. | आकस्मिक कार्यको विवरण | विनियोजनको नाम र संख्या | पेश्की माग गरेको रकम | पेश्की माग गरेको रकम | पेश्की दिईएको रकम | थप पेश्की मागिएको रकम | थप पेश्की दिईएको रकम | जम्मा पेश्की रकम | आकस्मिक कार्य पुरा भएको मिति | आकस्मिककाम पछिको बचत रकम | पुरक विनियो ऐनले स्वीकृत गरेको थप खर्च | पेश्की सोध भर्ना रकम | पेश्की माग गर्ने अधिकारीको नाम, दर्जा र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |

मालिका गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको दस्तखतः- ............................

मितिः- ........................................